स्थानीय राजपत्र
रौतामाई गाउँपालिकाद्धारा प्रकाशित

# कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि २०७९

प्रकाशक
स्थानीय सरकार
रौतामाई गाउँपालिका
उदयपुर जिल्ला, कोशी प्रदेश, नेपाल

रौतामाई गाउँपालिका
स्थानीय राजपत्र

खण्ड : ०६ संख्या : ०७ मिति : माघ २४, २०७९

भाग : २

रौतामाई गाउँपालिका

# कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि २०७९

**प्रस्तावना :**

गाँउपालिकालाई प्राप्त हुने विशेष, सशर्त एव समपूरक अनूदानका साथै गाँउपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानूसार कट्टा् गरी हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न बान्छनीय भएकोले, रौतामाई गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी रौतामाई गाउँपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**
   (क) यस कार्यविधिको नाम "कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।
   (ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **उद्देश्य :** कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उदेश्यहरू निम्नानुसार छन् ।
   (क) योजना तथा कार्यक्रमहरूको कन्टिन्जेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रूपमा खर्च गर्न ।
   (ख) दफा ५ मा उल्लेखित क्षेत्रहरूमा मात्र कन्टिन्जेन्सी वापतको रकम खर्च गर्न ।

(ग) कन्टिन्जेन्सी वापतको रकमलाई एकिकृत रूपमा लगत राखी सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न ।

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न ।

(ङ) कन्टिन्जेन्सी वापतको रकमको यथार्थपरक विवरण अभिलेखीकरण गर्न आदि ।

**३. कन्टिन्जेन्सी रकमको व्यवस्था :**

कार्यान्वयन हुने प्रत्येक योजनाको विनियोजित रकमको देहाय बमोजिम कन्टिन्जेन्सी तथा मर्मत सम्भारको लागि शुरूमै लागत अनुमान तयार गरिनेछः

(क) पालिकाले विनियोजन गरेको पूँजीगत खर्च रकम र संघीय सरकार, प्रदेश सरकार मार्फत पालिकालाई प्राप्त हुने पूँजीगत रकम समपुरक अनुदान, विशेष अनुदान लगायत सशर्त अनुदानको पूँजीगत खर्च तथा योजना तथा कार्यक्रमहरूमा खर्च हुने रकमको विनियोजित बजेटको ४ (चार) प्रतिशत् रकम कट्टा गरी कन्टिन्जेन्सी रकमको व्यवस्थापन गरिनेछ ।

(ख) सशर्त अनुदानको हकमा उक्त अनुदानको कार्यविधि वा निर्देशिकामा तोकिए बमोजिम नै कट्टी गरिनेछ ।

**४. लागत अनुमानको तयारी :** दफा ३ को खण्ड (क) (ख) र (ग) बमोजिम कन्टिन्जेन्सी खर्च कट्टा गरी बाँकी रहेको विनियोजित रकमलाई शतप्रतिशत मानी योजनाको लागत अनुमान तयार गरिनेछ ।

**५. कन्टिन्जेन्सी रकम खर्च गर्न सकिने क्षेत्रहरू :** योजना तथा कार्यक्रमहरूको कन्टिन्जेन्सी कट्टा रकमलाई गाँउपालिकाले देहायका शीर्षकहरूमा मितव्ययी पारदर्शी ढङ्गले खर्च गर्न सक्नेछ ।

(क) योजना अनुगमन तथा सुपरिवेक्षण मूल्याङ्कन जाँचपास तथा प्रतिवेदन सम्बन्धी खर्च एवं योजनासंग सम्बन्धित प्रशासनिक र बैठक भत्ता लगायत खाजा तथा खाना खर्च ।

(ख) योजना कार्यान्वयनको लागि आवश्यक पर्ने प्राविधिक सामग्री खरिद ।

(ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च ।

(घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरू ।

(ङ) गाँउपालिकाको निर्णय बमोजिम तोकिएका अन्य क्षेत्र ।

(च) लेखापरिक्षण सम्बन्धी खर्च ।

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखिकरण/उपभोक्ता समिति गठन अभिमुखिकरण/तालिम/गोष्ठी कार्यक्रम खर्च ।

(ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरिक्षणका क्रममा भएको दैनिक भ्रमण तथा यातायात खर्च ।

(झ) स्थानीय तह वा अन्य निकायका योजना तथा कार्यक्रमका असल अभ्यासका सिकाई अनुसरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च ।

(ञ) योजना संग सम्बन्धित सामाजिक परिचालन खर्च ।

(ट) गुणस्तर परिक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च ।

(ठ) आयोजना अभिलेख व्यवस्थापन,योजना खाता र रजिष्टर सम्बन्धी खर्च ।

(ड) आयोजना संग समबन्धित प्राविधिक, प्रशासनिक र लेखाका कर्मचारीहरूको लागि प्रोत्साहन भत्ता खर्च ।

(ढ) योजना कार्यक्रमको कार्यान्वयनमा इन्धन, सवारी साधन खरिद, दुई पाङ्गे, चार पाङ्गे सवारी साधन मर्मत ।

(ण) सम्बन्धित निर्माण कार्य सम्बन्धि बोलपत्र वा प्रस्ताव तयारी खर्च ।

(त) सूचना प्रकाशन खर्च ।

(थ) अतिथि सत्कार तथा भवन उद्घाटन खर्च ।

(द) निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च ।

६. **कन्टिन्जेन्सी रकमको खर्च प्रकृति :** योजना तथा कार्यक्रमको कुल कन्टिन्जेन्सी रकम मध्ये प्रशासनिक (चालु) अधिकतम ७० प्रतिशत र पुँजिगत अधिकतम ३० प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

७. **बजेट फ्रिज सम्बन्धी व्यवस्था :** आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम देहाय बमोजिम हुनेछः

(क) नेपाल सरकार तथा प्रदेश सरकार तथा अन्य निकायहरूको सशर्त अनुदान अन्तर्गतको फ्रिज हुने भनी तोकेको सबै प्रकारका अनुदानको कन्टिन्जेन्सी रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ३ (तीन) दिन अगावै भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्नेछ ।

(ख) आर्थिक वर्षको अन्तमा खर्च नभई मौज्दात रहेको कन्टिन्जेन्सी रकम संचित कोषमा दाखिला गरिनेछ र आगामी आर्थिक वर्षको लागि अनुसुची १ बमोजिमको कार्य योजना तयार गरी खर्च गर्न सकिनेछ ।

(ग) गाँउपालिकाको आफ्नो योजनाको कन्टिन्जेन्सी रकम खर्च नभएमा सो रकम आर्थिक वर्षको अन्त्यमा संचित कोषमा दाखिला गर्न सकिनेछ ।

**८. कन्टिन्जेन्सी रकम एकिकृत तथा खर्च प्रणाली :**

गाँउपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघिय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरूको कन्टिन्जेन्सी वापतको रकमलाई आर्थिक वर्षको शुरूमा एकिकृत रूपमा हिसाब गरी सो को खर्च गरिने क्षेत्रहरूको अध्ययन गरी कार्यालयमा रहेका विभिन्न शाखाहरूले अनुसुची १ बमोजिम कन्टिन्जेन्सी खर्चको कार्य योजना तयार गरी कार्यपालिकामा पेश गरेपछि कार्यपालिकाको बैठकबाट कार्य योजना तथा कन्टिन्जेन्सि रकम खर्च शिर्षक कार्यपालिकाले स्वीकृत गरेपछि कार्यान्वयन गरिनेछ ।

तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिन्जेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन संगै खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

**९. थपघट हेरफेर वा संशोधन :** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

**१०. बाधा अडकाउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाँउ कार्यपालिकाको हुनेछ ।

**११. यसै बमोजिम भए गरेको मानिने :** यो कार्यविधि स्वीकृत हुनुपुर्व योजना तथा कार्यक्रमहरूको कन्टिन्जेन्सी रकमबाट योजना कार्यान्वयन संग सम्बन्धित भए गरेका क्रियाकलापहरू यसै कार्यविधि अनुरूप भए गरेको मानिनेछ ।

## अनुसुची १

(कार्यविधिको दफा ८ संग सम्बन्धित)

| क्र. सं. | योजनाको नाम | स्वीकृत रकम | कन्टिन्जेन्सी रकम | खर्च शिर्षक | खर्च रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले,

**शम्भु प्रसाद पौडेल**

प्रमुख प्रशासकीय अधिकृत